# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०७७/०७८
चलानी नं.

मितिः२०७८/०२/०२

## सूचना! सूचना!! सूचना!!!

प्रस्तुत विषयमा विश्वभरी फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ (कोरोना भाइरस) को दोस्रो लहर नेपालमा पनि तिव्र गतिमा फैलिरहेको अवस्थामा यस सिद्धलेक गाउँपालिकाका केही स्थानमा यसको असर देखिएको हुँदा यस गाउँपालिका अन्तर्गत वडा नं ६ फिस्टारमा ५ वटा अक्सिजन सिलिन्डर सहित १५ शैयाको आईसोलेसन कक्ष स्थापना भएको जानकारी गराउँदै तपशिलका बुँदाहरु पालना गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

तपशिल
१.अति आवश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने ।

२. मास्कको अनिवार्य प्रयोग गर्ने ।

३ विवाह, वर्तवन्ध, घेवा, सभा, मेला तालिम गोष्ठी लगायतका कामहरुमा २५ जना भन्दा बढी नहुने,स्वस्थ्य सुरक्षाको मापदण्ड पुरा गरि सम्पुर्ण कार्यक्रमहरु गर्ने गराउने ।

४. साबुन पानीले मिची मिची हात धुने र स्यानिटाईजर प्रयोग गर्ने ।

५. अन्यत्र स्थान वाट यस गाउँपालिकामा आउनुभएका व्यक्तिहरुले अनिवार्य रुपमा १४ दिन होम क्वारेन्टाइनमा वस्ने ।

६ सामाजिक दुरी कायम गर्ने ।

७. आफ्नो घर र छरछिमेकमा कोरोनाको जस्तो मिल्दो जुल्दो लक्षणहरु देखिएमा तत्काल नजिकको स्वास्थ्य चौकी वा वडा कार्यालयमा जानकारी गराउने ।

८. यस सिद्धलेक गाउँपालिका भित्रको स्वास्थ्य सेवा प्रवाह गर्ने वाहेक अन्य सम्पुर्ण पसलहरु विहान ६:००-९:०० वजे सम्म र वेलुका ४:००-६:०० बजे सम्म सामाजिक दुरी कायम गरी मात्र संचालन गर्ने ।

९. नेपाल सरकारले जारी गरेका स्वास्थ्य मापदण्डको पुर्ण रुपमा पालना गर्ने गराउने ।

**कोरोना भाईरस बाट आफु पनि बचौ, अरुलाई पनि बचाउ।**

७८/०२/०२
प्रेमनाथ सिलवाल
अध्यक्ष

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & siddhalekhruralmun@gmail.com